## रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट मंसिर १७, २०७५ साल संख्याः २**

**भाग – २**

**रिब्दीकोट गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम रिब्दीकोट गाउँपालिकाको दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## रिब्दीकोट गाउँपालिकाको दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि– २०७५

कार्यपालिकाबाट पारित मिति २०७५।०८।१७

पृष्ठभूमि

रिब्दीकोट गाउँपालिका अन्तर्गत पशुजन्य उत्पादन बृद्धि गर्न त्यसको गुणस्तर कायम राख्न, प्रशोधन गर्न र बजारीकरण गर्न आवश्यकता महशुस गरि कृषकहरुको मागका आधारमा व्यवसाय दिगो राख्न र व्यवसायी कृषकहरुलाई अझ प्रोत्साहन गर्न, उत्पादित दूधको परिणाम, गुणस्तर र बजारीकरणका आधारमा अनुदान प्रवाह गरेमा एकातिर संगठित बजारमा गुणस्तरीय दूध प्रवाह वढ्ने छ भने अर्कोतर्फ दुग्ध उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडी बढाउन यो अनुदान कार्यक्रम कार्यविधिका रुपमा दुग्ध उत्पादक सहकारी संस्था मार्फत

दुध बिक्रि गर्ने सदस्य कृषकहरुलाई उत्पादनको परिमाणमा आधारित रहि अनुदान उपलब्ध गराउन आवश्यक देखिएकाले यस गाउँपालिकाले दुध उत्पादन बजारीरकरणका आधारमा अनुदान कार्यक्रमलाई व्यवस्थित सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा स्थापना र संचालन गर्न यो कार्यविधि गाउँपालिकाबाट जारी गरिएको छ ।

## प्रारम्भिक-१

क) संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०७५ रहेको छ ।

२. यो कार्यविधि रिब्दीकोट गाउँ सभाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२ परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ "कार्यालय" भन्नाले रिब्दीकोट गाउँपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

२.२ "कार्यदल" भन्नाले, गाउँपालिकाको आर्थिक विकास शाखा सम्झनु पर्नेछ ।

२.३ "कार्यविधि" भन्नाले, दुध उत्पादन र वजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०७५ रहेको छ ।

३ उद्देश्य :

यस कार्यविधीका उद्देश्यहरु देहाय बमोजिम रहेका छन :

३.१ अनुदान वितरण नीतिलाई प्रकृयामुखिबाट परिणाममुखि तर्फ लैजाने ।

३.२ दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय वनाउन प्रोत्साहन गर्ने ।

३.३ अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने ।

४.४ साना कृषकहरुको समेत दुध उत्पादन संगठित बजारमा प्रवाह गर्ने ।

५.५ गाउँपालिकाको प्रतिवद्धता अनुरुप दुधमा आत्मनिर्भरको लक्ष्य पुरा गर्न सहयोग गर्ने ।

६.६ दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न ।

४ कार्यक्रम अवधिः

हाललाई यस कार्यक्रमको अवधि मिति २०...... मसान्त सम्मको हुनेछ ।

५. कार्य संचालन र प्रक्रियाः

५.१ गाउँपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव निवेदन आव्हवान (अनुसुचि १ वमोजिम) हुनेछ ।

५.२ यस कार्यक्रममा सम्मिलित हुन वुँदा नं. ५.३ वमोजिम मापदण्ड पुरा गरेका इच्छुक सहकारीले तोकिएको म्याद भित्र अनुसुचि २ वमोजिमको निवेदन गाउँपालिकाको कार्यालयमा दिनुपर्ने छ ।

५.३ सहकारीको मापदण्ड

क) दैनिक कम्तिमा ५० लिटर र बार्षिक कम्तिमा २५० दिन सम्म दुधको कारोवार गर्ने गरेको ।

ख) दैनिक संकलित दुध दुग्ध उत्पादक सहकारी संस्थाले आफैले प्रशोधन गरी वा उद्योगलाई बिक्रिवितरण गरी दुध र दुध जन्य पदार्थहरुको बेचविखनको प्रवन्ध गरेको ।

ग) नियमित रुपमा वार्षिक साधारण सभा र लेखापरिक्षण गर्ने गरेको ।

घ) स्थायी लेखा नं. प्राप्त गरेको र कर चुक्ता गरेको ।

ङ) वडा कार्यालय तथा पशुपंक्षी  समन्वय इकाईको सिफारिश संलग्न गरेको ।

च) सहकारीमा आबद्ध सवै कृषकहरुले पशु विमा गरेको हुनु पर्ने छ ।

छ) सहकारीमा आबद्ध सवै कृषकहरुको फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनु पर्ने छ ।

ज) सहकारीको कारोवार गर्ने गरेको दुधको गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनु पर्ने छ ।

झ) सम्बन्धित सहकारीले आफूमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरणको मापदण्ड बनाई पेश गर्नुपर्ने ।

ञ) सहकारी संस्थाहरुले संस्थागत रुपमा दुध बिक्रि गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

५.४ कार्यालयले बुँदा नं. ५.३ अनुसार पशुपंक्षि विकास इकाईमा प्राप्त भएका मध्ये न्युनतम मापदण्ड पुरा गरेका सहकारीलाई छनोट गरी गाउँपालिकामा पठाउनु पर्ने छ ।

५.५ वडा कार्यालय तथा पशुपंक्षी इकाईबाट सिफारिस भई आएका सहकारी संस्थाका आवेदन, प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको मूल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| गाउपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सहसंयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |

| | |
|---|---|
| लेखा प्रमुख/सहायक | सदस्य |
| पशुपंक्षी समन्वय इकाई प्रमुख | सदस्य सचिव |

५.६ उपदफा ३ अनुसारको मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको मुल्यांकन गरी अनुदान उपलब्ध गराउन गाउँपालिका समक्ष सिफारिस पेश गर्ने छ।

५.७ अनुदानको लागि छनौट भएका दुग्ध उत्पादक सहकारी संस्थाले अनुसूची ३ बमोजिम सम्झौता गर्नु पर्नेछ।

५.८ सम्झौता पछि छनौट भएका दुग्ध उत्पादक सहकारीहरुलाई विनियोजित बजेटको परिधि भित्र रही त्रैमासिक रुपमा सहकारीमा नै गई गाउँपालिकाले अनुदान रकम वितरण गर्ने छ।

६ दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित आर्थिक आधार :

- दुधमा अनुदान वितरण प्रति लिटर रु. २।०० सम्मका दरले दिने।

७ <u>अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था</u>

यस कार्यक्रमको अनुगमन रिब्दीकोट गाउँपालिकाको पशुपंक्षी समन्वय इकाईले गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन रिब्दीकोट गाउँपालिकामा पेश गर्नु पर्ने छ।

८ <u>थपघट वा हेरफेर गर्न सक्ने</u>

८.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ।

८.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ।

८.३ यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन गाउँपालिकाले गर्न सक्नेछ ।

९ पहिलो संशोधनबाट थप (२०७६।०३।०९)

## अनुसुची -१

दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा कृषकहरुलाई अनुदान वितरण गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव आब्हान

गाउपालिकाको आ.व..................बार्षिक स्वीकृत कार्यक्रम अनुसार दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम रहेकोले सो कार्यक्रममा आफू मातहतका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र अनुसुचि २ अनुसारको निवेदन गाउँपालिकामा पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीको लागि रिब्दीकोट गाउँपालिकाको पशुपंक्षी समन्वय इकाइमा सम्पर्क राख्नुहुन अनुरोध छ।

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा

# अनुसूची- २

## कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मिति

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रिब्दीकोट गाउँपालिका
खस्यौली , पाल्पा ।

विषय : दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति....................मा प्रकाशित सूचना अनुसार यस सहकारी संस्थाले उत्पादन बजारीकरणका आधारमा अनुदान कार्यक्रममा समावेश हुने इच्छा भएकाले सो प्रयोजनका लागि तपशिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

तपशिल

१) कूल सदस्य संख्या .................

२) संस्थाबाट संकलित दूध बिक्रि गरिने संस्थाको नाम र ठेगाना
क)........................................................

३) मिल्क एनालाईजरको प्रयोग भए नभएको

४) वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण

५) जम्मा संकलन केन्द्र संख्या

६) रेकर्ड राख्ने गरे /नगरेको

७) दुधको गुणस्तर परीक्षण गरी रेकड राख्ने / जानकारी दिने गरेको नगरेको ।

८) दुधको चिलिङ्ग सेन्टर भएको नभएको

९) दुध विविधीकरण र विक्रि वितरण गरेको /नगरेको
क) के के मा गरेको..................ख).....................................

१०) सहकारी दर्ता/नविकरणको प्रमाण पत्र

११) कुनै प्रकारको कार्वाहीमा नपरेको वारेमा स्वःघोषणा

१२) कर चुक्ता प्रमाण पत्र ।

## अनुसूची- ३

## रिब्दीकोट गाउँपालिका र सहकारी संस्था विच हुने सम्झौता फारमको ढाचा

रिब्दीकोट गाउँपालिकाको कार्यालय खस्यौली,पाल्पा (यसपछि प्रथम पक्ष भनिने) र दुग्ध उत्पादक सहकारी संस्था श्री ..............................................( यस पछि दास्रो पक्ष भनिने) विच दुध उत्पादन र बजारिकरणका आधारमा अनुदान कार्यक्रममा तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्धिपक्षीय सम्झौता गरिएको छ ।

तपशिल

१. दोस्रो पक्षले पहिलो पक्षलाई अनुदान रकम वितरण गर्दा अनुदान प्राप्त गर्ने आफ्ना सेयर सदस्यलाई भेला गरिदिनु पर्नेछ ।

२. दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमति रुपमा पशु खोप लगाउने,परजीवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधी उपचार गरिरहेको अवस्थाको अखाद्य दुध विक्री वितरणमा रोक लगाउने,फर्ममा जैविक सूरक्षाको व्यवस्था मिलाउने,तोकिए अनुसारको सफा दुधको उत्पादन,ढुवानी लगायतका कार्यहरु गराउनु पर्नेछ ।

३. दोश्रो पक्षले उत्पादन स्थलदेखि आफूले विक्री गर्ने स्थानसम्म सफा, स्वस्थ्य र गुणस्तरयुक्त दुधको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ ।

४. दोश्रो पक्षले आफूमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरण गर्न गाउँपालिकालाई सहयोग गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्त्र स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा  सम्झौता भंगगरी प्रचलित कानुन बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

६. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

| दोश्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखत : | दस्तखत |
| नाम : | नामः |
| पदः | पदः प्रमुख प्रशासकिय अधिकृत |
| संस्था : | कार्यालय : रिब्दिकोट गाँउपालिका |
| रोहवर : | रोहवर : |
| दस्तखतः | दस्तखत : |
| नामः | नाम : |
| पदः | पदः अध्यक्ष |
| संस्था : | कार्यालय : रिब्दिकोट गाँउपालिका |

इति सम्बत २०... साल ........महिना ..........गते रोज........ शुभम् ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत